cfa.vic.gov.au

# आगलागी सुरक्षा सन्देशहरू – गर्मी याम 2022 - 2023

## मुख्य सन्देशहरू

- तातो, सुख्खा, हावा भएको दिनहरूमा, आगलागी सुरु हुन सक्छ र छिटो फैलिन सक्छ।
- यदि आगलागीको खतरा सम्भाव्यता चरम वा विनाशकारी छ भने, आगलागी सुरु हुनुभन्दा पहिले घर छोड्नु सबैभन्दा सुरक्षित विकल्प हो।
- यदि तपाईं प्रतिक्षा गर्नुहुन्छ र आगोलाग्न सुरु भएपछि छोड्ने निर्णय गर्नुहुन्छ भने, तपाईं बाक्लो धुवाँ, खसेको रूखहरू र पावर लाइनहरू मार्फत आफ्नो परिवारलाई सवार गर्ने जोखिम उठाउनुहुन्छ, र ठोकिने खतरा, आगोमा फस्ने, गम्भीर चोट वा मृत्युको सामना गर्न सक्नुहुन्छ।
- आफ्नो परिवार र साथीहरूसँग कुरा गर्नुहोस् ताकि तपाईंलाई कहिले छोड्ने, तपाईं कहाँ जानुहुनेछ र तपाईं त्यहाँ कसरी पुग्ने भनेर थाहा हुन्छ।
- चरम वा उच्च आगलागीको खतरा सम्भाव्यता भनेको घर छोड्ने संकेत हो। आगलागीको खतरा सम्भाव्यताको बारेमा थप जान्न cfa.vic.gov.au/firebans हेर्नुहोस्।
- यदि तपाईं धुवाँ वा आगो देख्न सक्नुहुन्छ भने, सवारी चलाउन अत्यन्त खतरनाक हुन्छ। बाक्लो धुवाँले बाटो हेर्न गाह्रो बनाउँदछ, ट्राफिक जाम र ठोकिने बढी सम्भावना बनाउँदछ। देख्न नसकिंदा आगलागी कहाँबाट भएको हो भन्ने थाहा पाउन गाह्रो हुन्छ। यात्रा जोखिमपूर्ण हुनेछ।
- यदि तपाईं खेतमा घाँसको आगोमा फस्नुभयो भने, न्यूनतम वनस्पति भएको ठाउँमा जानुहोस्, जस्तै खनेको वा बाली काटिसकेको खेत र अवस्था र जानकारी स्रोतहरूमा निगरानी राख्नुहोस्।
- यदि तपाईं घाँसको मैदान, पार्कहरू वा खेतहरू (मेलबर्न वा क्षेत्रीय शहरहरूको बाहिरी क्षेत्रमा) नजिकै बस्नुहुन्छ वा काम गर्नुहुन्छ भने, तपाईं यस गर्मीमा आगोको जोखिममा पर्न सक्नुहुन्छ।
- यदि तपाईं उपनगरमा बस्नुहुन्छ र घाँसको मैदानको ठीक छेउमा हुनुहुन्छ र घाँसको आगो सुरु हुन्छ भने, सुरक्षित रहन र अवस्थाहरूको अनुगमन गर्न आगोबाट कम्तिमा दुईवटा सडकमा पछाडी बस्नुहोस्। सवारी नचलाउनुहोस्। आपतकालीन सेवाहरूलाई पहुँच सहज गर्नको लागि सडकहरू सफा राख्नुहोस्।
- थप जानकारी यहाँ पाउन सकिन्छ:
  emergency.vic.gov.au र cfa.vic.gov.au/warnings-restrictions/about-warnings
- कसरी सूचित रहने र कुन जानकारी यानल तपाईंको लागि उपयुक्त हुन्छ थाहा पाउनुहोस्।
- चेतावनी थाहा पाउनका लागि एक भन्दा बढी स्रोतहरू प्रयोग गर्नुहोस्। ABC स्थानीय रेडियो, व्यावसायिक र तोकिएको सामुदायिक रेडियो स्टेशनहरू वा स्काई न्यूज टिभी, सुनुहोस्, VicEmergency हटलाइन (1800 226 226) मा फोन गर्नुहोस्, Emergency.vic.gov.au मा जानुहोस् र VicEmergency App डाउनलोड गर्नुहोस्।

- तपाईंले चेतावनीको विभिन्न स्तरहरू र यस्को अर्थ के हो बुझेको निश्चित गर्नुहोस्ः
    - सुझाव – यस क्षेत्रमा आगलागी हुन लागेको छ वा आगो लागि सकेको छ। जानकारी पहुँच गर्नुहोस् र अवस्था निगरानी राख्नुहोस्
    - निगरानी राख्नुहोस् र कदम चाल्नुहोस् (चेतावनी) – आपतकालिन स्थिति नजिकै विकास भइरहेको छ। अब तपाईंले आफू र अरूलाई बचाउनको लागि कदम चाल्नु आवश्यक छ
    - आपतकालीन चेतावनी – तपाईं आसन्न खतरामा हुनुहुन्छ र अब कदम चाल्नु आवश्यक छ। तपाईं प्रभावित हुनुहुनेछ
    - निस्कनुहोस् (निस्कन तयार गर्नुहोस् वा तुरन्तै निस्कनुहोस्) – घरबाट निस्केर जान सिफारिस गरिएको छ वा निस्कने प्रक्रिया लागू गरिएको छ।

मिडिया सम्पर्क: 1300 CFA MEDIA वा cfamedia@cfa.vic.gov.au